# न्याय परिषद सचिवालय

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

मितिः ...............................

## विज्ञप्ती

वर्तमान कायम मुकायम प्रधान न्यायाधीश श्री दीपकराज जोशीज्यूको शैक्षिक प्रमाणपत्रका विषयलाई लिएर न्यायाधीशका कागजात तथा विवरण दुरुस्त नराखेको भनी केही दिन यता विभिन्न सञ्चार माध्यममा आएका समाचारप्रति न्याय परिषद सचिवालयको ध्यानाकर्षण भएको छ ।

यस सचिवालयले सर्वोच्च अदालतदेखि जिल्ला अदालतसम्मका तीनै तहका सबै न्यायाधीशका विवरणहरु अद्यावधिक गर्दै आई रहेको र उहाँहरुबाट समय समयमा यस सचिवालयमा पेश भएका र प्राप्त भएका प्रमाणपत्रका फोटोप्रति सहितका आवश्यक कागजात विवरण यस सचिवालयमा सुरक्षित रहेका छन्।

न्याय परिषद ऐन, २०७३ तथा न्याय परिषद नियमावली, २०७४ ले सबै तहका न्यायाधीशहरुले आफ्नो वैयक्तिक विवरण पेश गर्दा आवश्यक कागजात पेश गर्नुपर्ने र सचिवालयले अद्यावधिक गराई राख्ने भन्ने व्यवस्था गरे अनुरुप यस सचिवालयबाट अद्यावधिक हुँदै आएको र सफ्टवेयर निर्माण गरी प्रविष्ट हुँदै गरेको समेत हुँदा यस सचिवालयसँग सम्बन्धित समाचार प्रकाशन वा प्रशारण गर्दा यस सचिवालयसँग सम्पर्क गरी एकीन गरेर मात्र तथ्यपरक समाचार प्रकाशन वा प्रशारण गर्न न्याय परिषद सचिवालय हार्दिक आग्रह गर्दछ ।

2075/4/17/5

प्रवक्ता

न्याय परिषद सचिवालय